राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २४८ २०८२ चैत २९ गते आईतवार (12 May. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## छानबिनको सामना गर्ने दाहालको चुनौती




दैनिक समाचारदाता

काठमाडौँ २८ चैत। नेपाली कम्युनिस्ट पार्टीका संयोजक तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ले आफू कुनै पनि प्रकारको छानबिनका लागि तयार रहेको बताएका छन्।

शनिबार पार्टी केन्द्रीय कार्यालयमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले आफ्नो कार्यकालमा भएका सबै निर्णयहरूको जिम्मेवारी लिन तयार रहेको स्पष्ट पारे। आफूमाथि हुने जुनसुकै छानबिनको सामना गर्न आफू तयार रहेको उल्लेख गर्दै उनले ती निर्णयहरू पारदर्शी रहेको दाबी गरे। दाहालले भने, "मैरै पालामा निर्णय गरेको हो भनेर मैले धेरैचोटि भनिसकेँ। तपाईंहरूले बुझ्नु हुन्न कि के हो? सम्पूर्ण छानबिनका लागि म तयार छु।"

## आरक्षित सिट कार्यान्वयनमा कडाइ



दैनिक समाचारदाता

काठमाडौँ २८ चैत। यातायात व्यवस्था विभागले सार्वजनिक यातायातका यात्रुवाहक सवारी साधनमा आरक्षित सिटको व्यवस्था अनिवार्य रूपमा कार्यान्वयन गर्न निर्देशन दिएको छ।

विभागले एक सूचना जारी गर्दै सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १०७ बमोजिम तोकिएका सिटहरू सुरक्षित नराख्ने सवारी धनी र यातायात व्यवसायीलाई प्रचलित कानुन अनुसार कारबाही गर्ने चेतावनी दिएको हो।

ऐन अनुसार प्रत्येक सार्वजनिक सवारीमा अशक्त व्यक्तिहरूका लागि चार वटा र महिलाहरूका लागि दुई वटा सिट अनिवार्य रूपमा आरक्षित राख्नुपर्ने प्रावधान छ।

पछिल्लो समय स्थानीय तथा लामो दूरीका रुटमा चल्ने सवारीसाधनहरूले आरक्षण सिटको व्यवस्था पालना नगरेको भन्दै सर्वसाधारणबाट व्यापक जनगुनासो प्राप्त भएपछि विभागले निर्देशन दिएको हो।

विशेष गरी लामो दूरीमा चल्ने सवारी साधनको हकमा गन्तव्यतर्फ प्रस्थान गर्नुभन्दा कम्तीमा चार घण्टा अगाडिसम्म त्यस्ता सिटहरू सुरक्षित राख्नुपर्ने नियम विभागले प्रस्ट पारेको छ।

विभागले सम्पूर्ण सवारी धनी तथा यातायात सेवा सञ्चालकहरूलाई कानुनको पूर्ण पालना गर्न सूचित गर्दै अटेर गर्नेलाई कारबाहीको दायरामा ल्याइने सूचनामा उल्लेख छ।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२

# लोकसेवाप्रति छोरी-बुहारीको बढ्दो आकर्षण




वीरेन्द्र कर्ण

जनकपुरधाम, २८ चैत। लोकतन्त्र प्राप्तिपछि सरकारी सेवामा संघीय सरकारले महिलालाई समेत अवसर प्रदान गरेसँगै लोकसेवा परीक्षाप्रति छोरी(बुहारीको आकर्षण बढ्दै गएको छ।

पछिल्लो पुस्ताका युवाहरू मात्र जागिर खाने परम्परालाई चुनौती दिँदै तराई(मधेशका छोरी(बुहारीहरूमा लोकसेवा परीक्षाप्रति रुचि बढ्न थालेको छ। पुरुषप्रधान समाजमा पुरुषले मात्र जागिर खाने र महिलाहरू घुम्टोभित्र सीमित भई चुलोचौकोमा केन्द्रित रहने परम्परालाई चुनौती दिँदै मधेश प्रदेशका छोरी(बुहारीहरू पनि उल्लेख्य रूपमा सरकारी जागिरका लागि लोकसेवा आयोगको परीक्षा दिन थालेका छन्।

"हिजोसम्म यो पुरुषप्रधान समाजले हामीलाई घुम्टोभित्र बस्न बाध्य बनाएको थियो," नाम नखुलाउने सर्तमा एक महिलाले भनिन्, "तर अब त्यो समय रहेन। हामी पनि शिक्षित छौँ, पुरुषसरह काम गर्न सक्छौँ भन्ने विश्वासका साथ लोकसेवा कार्यालयमा फारम भर्न आएका हौँ।"

आर्थिक वर्ष २०८१/०८२ मा लोकसेवा आयोगको जलेश्वर कार्यालयमार्फत विभिन्न पदका लागि मधेश प्रदेशका आठ जिल्लाबाट ४५ हजार ४ सय २० जना महिलाले आवेदन दिएको सूचना अधिकारी विशाल घिमिरेले जानकारी दिनुभयो।

कार्यालयबाट प्राप्त तथ्यांकअनुसार उक्त अवधिमा सबैभन्दा धेरै दरखास्त मधेश प्रदेशबाटै परेको छ। सो अवधिमा आन्तरिक, खुला प्रतियोगिता, महिला, मधेशी लगायत विभिन्न समूहअन्तर्गत फाराम भरिएका थिए। तीमध्ये राजपत्र अनंकित प्रथम र राजपत्र अनंकित द्वितीय श्रेणीका पदमा सबैभन्दा बढी दरखास्त परेको देखिन्छ।

जिल्लागत रूपमा दरखास्त संख्या हेर्दा सर्लाहीबाट ६ हजार ६ सय ९२, धनुषाबाट ५ हजार ९ सय ३९, बाराबाट ५ हजार ९ सय ५२, महोत्तरीबाट ६ हजार ९८, रौतहटबाट ४ हजार ७ सय ८३, सप्तरीबाट ४ हजार ७ सय ४३, सिरहाबाट ४ हजार ५ सय ५३ र पर्साबाट ४ हजार ९२ महिलाले आवेदन दिएका छन्।

लामो समयदेखि अधिकारको लडाइँ लड्दै आएका विभिन्न जातजातिका महिलालाई संघीय सरकारले अवसर प्रदान गरेसँगै उनीहरू चुलोचौकोबाट बाहिर निस्केर लोकसेवा आयोगको परीक्षा दिँदै आत्मनिर्भर बन्दै गएको देखिन्छ।

## करेन्ट लागेर एकको मृत्यु, एक घाइते


दैनिक समाचारदाता

सप्तरी, २८ चैत। सप्तरीको डाक्नेश्वरी नगरपालिकामा विद्युत् करेन्ट लागेर एक जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन्। नगरपालिकाको वडा नं. ९, सखुवा टोल निवासी ६८ वर्षीय राजकुमार महतोको करेन्ट लागेर मृत्यु भएको हो। शुक्रबार बिहान ९:४५ बजे आफ्नै घरअगाडि श्रीमती ६० वर्षीया जिरावती महतोसँग बसिरहेका बेला नजिकै रहेको विद्युत् पोलबाट २२० भोल्टको तार चुडिँदा दुवै जनालाई करेन्ट लागेको थियो।

गम्भीर घाइते भएका दुवै जनालाई उपचारका लागि छिन्नमस्ता अस्पताल लगिएकोमा राजकुमार महतोको उपचारका क्रममा शुक्रबार बिहान ११:१९ बजे मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिनुभयो।

घटनामा घाइते भएकी जिरावती महतोको सोही अस्पतालमा उपचारपछि अवस्था सामान्य रहेको र उनी डिस्चार्ज भई घर फर्किएको प्रहरीले जनाएको छ। मृतकको शव पोस्टमार्टमपछि परिवारजनको जिम्मा लगाइएको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# रुबी ठाकुरको उदय र हाम्रो जिम्मेवारी

धनुषाको जनकपुरधामको एउटा सामान्य मजदुर परिवारमा जन्मिएकी रुबी कुमारी ठाकुर प्रतिनिधिसभाको उपसभामुख जस्तो गरिमामय पदमा निर्वाचित हुनु केवल व्यक्तिगत उपलब्धि मात्र होइन, नेपाली लोकतन्त्रका लागि एक गहिरो सन्देश हो । २५ वर्षको उमेरमा अत्यधिक बहुमतसहित उपसभामुख बन्न सफल हुनु आफैंमा एउटा ऐतिहासिक क्षण हो, जसले राजनीति केवल पहुँचवालाहरूको खेल मात्र होइन भन्ने धारणा बदल्ने संकेत दिएको छ ।

रुबी ठाकुरको यात्रा परम्परागत राजनीतिक पृष्ठभूमिबाट आएको होइन । उनी न कुनै स्थापित राजनीतिक घरानाकी सन्तान हुन्, न त लामो समयदेखि संगठनात्मक राजनीतिमा क्रियाशील थिइन् । केही महिनाअघि मात्रै श्रम संस्कृति पार्टीमा प्रवेश गरेकी उनी समानुपातिक सूचीमार्फत सांसद बनिन् र छोटो समयमै उपसभामुख पदमा निर्वाचित भइन् । यसले देखाउँछ यदि अवसर र प्रणाली निष्पक्ष भए भने, क्षमता र इच्छाशक्तिका आधारमा पनि नेतृत्वको उचाइमा पुग्न सकिन्छ ।

अब सवाल छ रुबी ठाकुरको उदय अपवाद मात्र हो, कि यो परिवर्तनको सुरुवात हो ? नेपालको राजनीतिक संरचनामा अझै पनि आर्थिक, सामाजिक र पारिवारिक पहुँचको ठूलो प्रभाव छ । गरिब, श्रमिक तथा सीमान्तकृत समुदायका युवाहरूका लागि राजनीति अझै पनि सहज पहुँचको क्षेत्र बनेको छैन । त्यसैले ठाकुरको सफलता प्रेरणादायी भए पनि यसलाई संस्थागत परिवर्तनतर्फ लैजानु आवश्यक छ ।

उनको पारिवारिक पृष्ठभूमि स्वयंमा नेपाली समाजको यथार्थको प्रतिनिधित्व गर्दछ। वैदेशिक रोजगारीमा कपाल काटेर परिवार धान्ने बुवा र कृषिमा संलग्न आमा–यस्ता हजारौं परिवारको कथा हो यो। यिनै परिवेशबाट एक छोरी देशको नेतृत्व तहमा पुग्नु सामाजिक रूपान्तरणको संकेत हो। यसले राज्यले अवसरको ढोका सबैका लागि खुला गर्नुपर्छ भन्ने सन्देश दिन्छ।

राजनीतिक दलहरूका लागि पनि यो घटना आत्मसमीक्षाको अवसर हो। किन अधिकांश दलहरू अझै पनि नयाँ अनुहार र सीमान्तकृत समुदायलाई अवसर दिन हिच्किचाउँछन्? किन युवा नेतृत्वलाई केवल नारामा सीमित गरिन्छ? यदि लोकतन्त्रलाई सुदृढ बनाउने हो भने, यस्ता अवसरहरू अपवाद होइन, सामान्य बन्नुपर्छ।

अन्ततः, रुबी कुमारी ठाकुरको उपसभामुखसम्मको यात्रा नेपाली समाजको सम्भावनाको प्रतीक हो। तर, यो सम्भावनालाई स्थायी परिवर्तनमा रूपान्तरण गर्ने जिम्मेवारी राज्य, राजनीतिक दल र स्वयं नागरिक समाज सबैको हो। एउटा छोरीको सफलता केवल ताली बजाउने विषय मात्र होइन, त्यो सफलता दोहोरिन सक्ने वातावरण निर्माण गर्नु नै हाम्रो वास्तविक कर्तव्य हो।

# डाक्टरमाथि डन्डा होइन, समाधान चाहिन्छ



डा. हिमलाल भण्डारी

एकजना चिकित्सक जो सरकारी सेवामा कार्यरत हुनुहुन्छ। उहाँको घर जनकपुर हो। तर, नेपाल सरकारले उहाँको पदस्थापना पोखरा गरिदिएको छ। घरमा बुढी हजुरआमा पक्षघातले थलिएर ओछ्यानमा पर्नुभएको छ। बुढा भइसकेका बा-आमा दुवैजना सुगर र प्रेसरका रोगी, भाइ वैदेशिक रोजगारमा विदेश! उहाँले हारगुहार गरेर कामकाज मिलाएर जनकपुरमै काम गर्दै सामाजिक र पारिवारिक जिम्मेवारी निभाउँदै गर्दा नयाँ परिवर्तित जनताको सरकारले सुशासनको नारासहित पहिलो निर्णय गर्छः उहाँको काज फिर्ता!

सप्तरीस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा विशेषज्ञ अभावमा सेवा सञ्चालनमा कठिनाइ भनेर समाचार पढ्दै गर्दा सप्तरी घर भए पनि सुर्खेतमा खटाइनु भएका मेरा एकजना आदरणीय गुरु जो सिनियर विशेषज्ञ हुनुहुन्छ, उहाँको याद आयो। अर्को चिकित्सक नेपाल सरकार अन्तर्गत बुटवलको स्थायी बासिन्दा, वीरगन्जमा पदस्थापना गरिदिएको छ। छोराछोरी सानै छन्, वृद्ध बा-आमा छोरा-बुहारीको साथमा खुसी र सुखी हुनुहुन्छ, श्रीमतीको रोजगार यतै छ। उहाँमाथि पनि सुशासनको डन्डा चल्छ।

यी प्रतिनिधि घटनाहरू हुन्! आफ्नै समाज, आफ्ना वृद्ध बुबाआमासँगै बसेर देश, परिवार र समाजको सेवा गर्ने हुटहुटी बोकेर विदेशको लोभलाग्दो सुविधा र जीवनस्तरको सोच त्यागेर सरकारी सेवामा रहेका चिकित्सकहरूलाई महिनाको ५०-६० हजार तलब दिएर यसैगरी घर-परिवार र समाजबाट छुट्याएर देश भित्रै एकल बाँच्न विवश यी आवाजहरू निरीह छन्।

अब तपाईंहरू मलाई भन्नुहुनेछ- नेपाल सरकारको नुन खाएपछि नुनको सोझो गर्नुपर्छ। जनताको कर र पसिनाको कमाइमा परिवारसँगै बसेर मोज गर्न कहाँ पाइयो र? खुरुखुरु राज्यले खटाएको ठाउँमा जाने हो नि। नसके जागिर छोड्ने हो। अझै एक कदम अगाडि बढेर मिडियाले सनसनीपूर्ण हेडलाइन बनाउँछः 'वर्षौंदेखि राजनीतिक शक्ति केन्द्रको आशीर्वाद पाएर सुगममा रजगज गरिरहेका चिकित्सकलाई सरकारले काज फिर्ता गरेर ठीक गऱ्यो, यस्तो पो हुन्छ सुशासन भनेको।'

एक कदम अगाडि बढेर अर्को मिडियाले लेख्छ- सरकारी डाक्टर सबैजना सुगम नै रोज्छन्, सबैजना काठमाडौंमा नै बस्न खोज्छन्। वर्षौंदेखि शक्तिकेन्द्र रिझाएर काठमाडौंमै रजगज गर्ने चिकित्सकहरू आफ्नो व्यक्तिगत स्वार्थ र फाइदाको लागि राज्यको स्रोत साधन र शक्ति दोहनमा लागेका छन्। दुरदराज र देशका कुनाकुनामा नागरिकहरू आधारभूत स्वास्थ्य सेवा नपाएर दिनदिनै अकालमा मर्न विवश छन्, यस्तो बेलामा सरकारी चिकित्सकलाई काज फिर्ता गरेर ठीक गऱ्यो बालेन सरकार, स्याबास !

तर समस्याको भित्री पाटो अर्कै छ।

जनकपुर र पोखरामा कुन दुर्गम? वीरगन्ज र बुटवल, सुर्खेत र सप्तरीमा कुन दुर्गम? सुगमको परिभाषा के हो तः भौगोलिक, पारिवारिक, सामाजिक कि मनोवैज्ञानिक सुगमता?

मेरो एकजना सहकर्मी चिकित्सक साथी सरकारले जतिसुकै सुविधा दिए पनि काठमाडौं जान्न भन्नुहुन्छ। उहाँको निम्ति काठमाडौं दुर छ, दुर्गम छ।

चिकित्सा पेसा विश्वमै सम्मानित पेसा मध्ये एक हो। यस पेसामा प्रवेश गर्न मात्र पनि उच्च शैक्षिक क्षमता र लगनशीलता चाहिन्छ। +२ अध्ययन पछाडि पनि स्नातक तह (एमबीबीएस) को लागि मात्र ६ वर्षको अध्ययन, स्नातकोत्तर तहको निम्ति अतिरिक्त ४ वर्ष (कार्यानुभव सहित) अनि उच्च प्रतिस्पर्धात्मक प्रवेश परीक्षा, बिचमा दुईपल्ट लाइसेन्सिङ परीक्षा लगायत प्रत्येक वर्ष सम्बन्धित विश्वविद्यालयले लिने परीक्षाहरू पार गर्नुपर्छ। एउटा सामान्य नागरिकले विशेषज्ञता हासिल गर्दागर्दै ३५ वर्ष पुगिसक्छ। त्यतिबेला सम्म उसले कम्तीमा १ करोड रुपैयाँ लगानी गरिसकेको हुन्छ ( स्मरण रहोस्, नेपाल सरकारले एमबीबीएसको लागि ४२-४७ लाख, एमडीको लागि २५ लाख र डीएमको लागि २५ लाख शुल्क नै तोकेको छ)। यसरी उच्च लगानी र लामो सिकाइ प्रक्रियाबाट तयार भएको जनशक्तिलाई अन्य निजामती कर्मचारी बराबर सुविधा दिनु कसरी न्यायसङ्गत हुन्छ र?

प्रिय बालेन सरकार, अस्पताल भनेको इँटा, सिमेन्ट र बालुवाको थुप्रो होइन नि। अस्पताल त त्यही भित्र काम गर्ने स्वास्थ्यकर्मीको विज्ञता र पसिनाको उपज, एउटा सुन्दर मानवीय जीवन बचाउने मन्दिर हो। अस्पताल त्यतिबेला मात्र सुन्दर बन्छ जतिबेला त्यहाँ काम गर्ने जनशक्ति सुखी र खुसी हुन्छन्। मानव संसाधन भनेको अत्यन्त संवेदनशील शक्ति हो जसको उत्साहले मात्र पनि समग्र अस्पतालकै मुहार फेरिन्छ भने उसले काम नगर्दा भद्रगोलको अवस्था सिर्जना हुन्छ, जुन अहिले अधिकांश अस्पतालमा देखिएको छ। मानिसको रोगलाई निको पार्ने र जीवन बचाउने जस्तो संवेदनशील पेसा, यो संवेदनशीलतासँग जोडिएको शारीरिक र मानसिक थकान, अनि काम गर्ने वातावरण नै रोग र शोकले भरिएको निन्याउरो अस्पताल; चिकित्सक आफैँलाई हुने संक्रमणको उच्च जोखिम र अन्य रसायन तथा रेडिएसनसँग प्रत्यक्ष सम्पर्क हुने हुँदा चिकित्सकहरू सधैं एकदम जोखिमयुक्त अवस्थामा हुन्छन्।

यही जोखिम र कामको विशेषज्ञता एवं पेसागत जोखिम हेरेर नै विश्वका अन्य देशहरूमा उत्कृष्ट तलब, संस्थागत जीवन बीमा, कर छुट, आवास सुविधा, सवारी करमा छुट, सहुलियत कर्जा लगायत विभिन्न अतिरिक्त सुविधाहरू सुनिश्चित गरिएको हुन्छ। तर त्यसको ठिक विपरीत हाम्रो देशमा चिकित्सकको कामलाई समग्र निजामती कर्मचारी सरह व्यवहार गरिनु, महिनाको ५०-६० हजार तलब दिएर २४सै घण्टा अस्पतालमा खटियोस् भन्ने अपेक्षा गर्नु र समग्र स्वास्थ्य प्रणाली फेल हुनुको कारक चिकित्सक नै हुन् भन्ने भाष्य निर्माण गर्दै अधिकांश मिडिया र जुन सरकार आए पनि पहिलो डन्डा चिकित्सकमाथि चलाउनु एकदमै खेदजनक छ।

प्रिय बालेन सरकार, जनताको बलियो जनमतसहित आम देशवासीको सपना र भरोसाको केन्द्र तिमीलाई फेल हुने छुट छैन। तसर्थ, कुनै पनि समस्याको समाधान भावावेगमा सनसनीपूर्ण बनाउने भन्दा पनि समस्याको जरो नै उखेल्नु तिम्रो कर्तव्य हो। आज देशमा हजारौं मान्छे गरिबीकै कारण, केवल पैसा नभएर अस्पताल पुग्ने गाडी भाडासम्म नभएर घरमै रोगले थलिएर मर्न विवश छन्। कति बिरामीहरू अस्पताल पुगे पनि महँगो उपचार खर्च र सरकारी अस्पतालको झन्झटिलो व्यवस्थापकीय कमजोरीले अकालमा मृत्युवरण गर्न बाध्य छन्। सरकारी अस्पतालमा बिहान गएको बिरामी दिनभरि विभिन्न लाइनमा बस्दा-बस्दै थकित भएर प्राइभेट अस्पतालमा महँगो उपचार गर्न बाध्य छ। वर्षेनी स्वास्थ्यमा हुने आकस्मिक खर्चको कारण १-२ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि धकेलिएको छ। उता सेवा प्रदायक चिकित्सकहरू पनि यो देशमा खुसी छैनन्।

वर्षेनी करिब २५०० एमबीबीएस डाक्टर थपिँदै गर्दा त्यति नै सङ्ख्यामा विदेश जानको लागि नो अब्जेक्सन लेटर लिने क्रम बढ्दो

बाँकी ३ पृष्ठमा

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# कम खाँदा पनि बढिरहेको छ तौल ? यी हुन सक्छन् कारण

एजेन्सी

काठमाडौं । खानपिनमा नियन्त्रण गरिरहनु भएको छ ? बाहिरको खानेकुरा पनि कम खाइरहनु भएको छ तरपनि तौल द्रुत गतिमा बढिरहेको छ भने यो सामान्य कुरा होइन । यो अवस्थाले धेरै मानिसहरूलाई समस्यामा पार्छ किनभने तिनीहरू समस्या कहाँ छ भनेर बुझ्न सक्दैनन् ।



धेरै खानु नै सधैं तौल बढ्नुको कारण हुँदैन । कहिलेकाहीं केही अन्तर्निहित समस्याहरू यस समस्याको मूल कारण हुनसक्छन् । त्यसैले, यी कारणहरूलाई समयमै बुझ्नु महत्त्वपूर्ण हुन्छ । आजको यस लेखमा हामी खाना बाहेक तौल वृद्धिको ५ कारणहरूबारे कुराकानी गर्नेछौं ।

*हर्मोनल असन्तुलन*

शरीरको तौल धेरै हदसम्म हार्मोनमा निर्भर गर्दछ । यदि हार्मोनल सन्तुलन बिग्रियो भने मेटाबोलिज्म सुस्त हुन सक्छ । विशेष गरी थाइराइड वा पीसीओएसजस्ता अवस्थाहरूमा, शरीरको क्यालोरी जलाउने क्षमता कम हुन्छ, जसले गर्दा क्रमिक रूपमा तौल बढ्छ ।

*इन्सुलिनले राम्रोसँग काम नगर्दा*

इन्सुलिनको काम शरीरमा चिनीलाई ऊर्जामा रूपान्तरण गर्नु हो । यद्यपि, जब शरीरले इन्सुलिनलाई राम्ररी प्रयोग गर्न सक्दैन, अतिरिक्त चिनी बोसोको रूपमा भण्डारण हुन्छ । यो अवस्थालाई इन्सुलिन प्रतिरोध भनिन्छ, जुन तौल बढ्नुको प्रमुख कारण हुन सक्छ ।

*उमेरसँगै शरीरमा आउने परिवर्तन*

उमेर बढ्दै जाँदा मांसपेशीको भार घट्छ र मेटाबोलिजम सुस्त हुन्छ । यसले तौललाई प्रत्यक्ष असर गर्छ । यही कारणले गर्दा धेरै मानिसहरूमा ३० वर्षको उमेरपछि बिना कुनै ठूलो परिवर्तन नै तौल बढ्न थाल्छ ।

*निद्राको अभाव*

हरेक दिन पर्याप्त निद्रा पाउनुभएन भने यसले तपाईंको तौललाई असर गर्न सक्छ । निद्राको कमीले शरीरमा भोक जगाउने हर्मोनहरू सक्रिय गर्दछ । थप रूपमा तनाव हर्मोनहरू बढ्न सक्छन् जसले गर्दा पेट वरिपरि बोसो जम्मा हुन्छ ।

औषधीहरूको असर

कहिलेकाहीं केही औषधिहरूको साइड इफेक्टका कारण तौल बढ्न सक्छ । एन्टीडिप्रेसेन्ट, स्टेरोइड, वा उच्च रक्तचापको औषधिहरूले भोक बढाउन सक्छ वा पानी अवधारण गराउन सक्छ । औषधि सुरु गरेपछि तौल बढ्छ भने डाक्टरसँग परामर्श गर्नुहोस् ।

कुनै कारण बिना तौल बढिरहेको छ भने यसलाई बेवास्ता गर्नुहुँदैन । समयमै जाँच र जीवनशैलीमा स-साना परिवर्तनहरूले तपाईंलाई यो समस्या व्यवस्थापन गर्न मद्दत गर्न सक्छ।

# गाजामा भएको इजरायली आक्रमणमा ७ जनाको मृत्यु

एजेन्सी

गाजा । गाजाको नागरिक रक्षा उद्धार सेवाले शनिबार प्यालेस्टिनी क्षेत्रमा भएको इजरायली हवाई आक्रमणमा परी सात जनाको मृत्यु भएको बताएको छ । अल-बुरेज शरणार्थी शिविरमा रहेको प्रहरी चौकी नजिकै इजरायलले दुईवटा क्षेप्यास्त्र प्रहार गरेको बताइएको छ ।



मध्य गाजाको अल-अक्सा अस्पतालमा छ जनाको शव आएको र सात जना घाइतेहरु उपचारको लागि आएको उल्लेख गरिएको छ भने घाइते मध्य चार जनाको अवस्था गम्भीर रहेको बताएको छ । नजिकैको अल-अवदा अस्पतालमा एक जनाको मृत्यु भएको र दुई जना घाइते भएको बताइएको छ ।

सन् २०२३ देखि सुरु भएको सीमापार आक्रमणको दुई वर्ष पछि अक्टोबर- १० देखि लागु भएको युद्धविराम उल्लङ्घन गरेको आरोप इजरायल र हमासले एक-अर्कालाई लगाउदै आएका छन् ।

युद्धविराम सुरु भए देखि कम्तिमा ७३८ प्यालेस्टिनीहरू मारिएको गाजाको स्वास्थ्य मन्त्रालयले जनाएको छ । यसैबिच इजरायली सेनाले युद्धविराम सुरु भए देखि पाँच जना सैनिक मारिएको जनाएको छ । गाजामा मिडिया प्रतिबन्ध कारण अन्तर्राष्ट्रिय प्रेसलाई अझै पनि इजरायली अधिकारीहरूले प्रवेश गर्न प्रतिबन्ध लगाएको एएफपीले जनाएको छ ।

# डाक्टरमाथि डन्डा ......

छ। काउन्सिलमा दर्ता भएका ४५,००० डाक्टरमध्ये करिब एक तिहाइ अर्थात् १५,००० डाक्टर नेपाल भित्रै सेवारत रहे तापनि आज दुरदराजमा नेपाली जनताले डाक्टर देख्न पाएका छैनन्। सरकारी सेवामा त झन् २०४८/४९ को दरबन्दीमा करिब १५००-२००० डाक्टर मात्र कार्यरत छन्। राज्यले आवश्यक दरबन्दी नखुलाउनु, स्वास्थ्य मन्त्रालयले पारित गरेको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण अनुसारको जनशक्ति मागलाई अर्थ मन्त्रालयले 'पैसा छैन' भन्दै रोक्नु र सीमित जनशक्तिलाई जबर्जस्ती असीमित काम थुपार्नु भनेको सरकारले नै हलो अड्काउने र गोरु चुट्ने जस्तै त हो नि।

तसर्थ सरकारले साँच्चिकै स्वास्थ्य क्षेत्रमा देखिने गरेर सुधार गर्ने हो भने सुरुवातमा सरकारी अस्पतालमा लाइन घटाउनको निम्ति 'जेनरल प्राक्टिस'मा आधारित रिफरल सिस्टम लागू गर्नुपर्छ। एउटा स्थानीय तहमा कम्तिमा २ जना जिपी वा जिपी पर्याप्त उत्पादन नहुन्जेल एमबीबीएस पछि १/२ वर्ष विशेषज्ञको निगरानीमा बिरामी उपचारमा संलग्न मेडिकल अफिसरलाई सिनियर मेडिकल अधिकृतको पोस्टमा प्रत्येक स्थानीय निकायमा खटाउनुपर्छ। देशमा रहेका ठुला प्रादेशिक अस्पताललाई विशेषज्ञ सेवामा केन्द्रित गराई त्यहाँ कार्यरत विशेषज्ञलाई पनि चक्रीय पद्धतिमा स्थानीय निकायमा परिचालन गर्न सकिन्छ। उपयुक्त तलब लगायत जोखिम भत्ता, कर छुट, आवासको व्यवस्था लगायत स्थानीय भत्ता, दुर्गम भत्ता, कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता दिएर देशको कुनाकाप्चामा डाक्टरहरूलाई परिचालन गर्न सकिन्छ। यसो गऱ्यो भने मात्र पनि अहिले नै करिब २००० डाक्टरको दरबन्दी सिर्जना हुनेछ। स्थानीय तहबाट रिफरल बिना प्रादेशिक अस्पतालमा देखाउन नपाउने र प्रादेशिकको रिफरल बिना केन्द्रीय अस्पतालमा देखाउन नपाउने भयो भने सरकारी अस्पतालमा बिरामीको चाप व्यवस्थापन गर्न सकिन्छ।

राज्यले निरोधात्मक स्वास्थ्य सेवामा मात्र ध्यान केन्द्रित गर्दा रोग नै लाग्न नदिने र रोकथामको क्षेत्रमा अहिले धेरै काम गर्न बाँकी छ। उपचारात्मक विधि आफैंमा महँगो पद्दति हो। सर्ने रोगको निम्ति खाद्य सुरक्षा र सरसफाइमा जनसङ्ख्यालाई सुसूचित गराउने, रक्सी-चुरोट सेवनका हानिकारक बेफाइदाहरू लगायत दैनिक कसरत गर्ने जीवनशैली प्रोत्साहन गरी नसर्ने रोगको महामारी कम गर्न कम्तिमा हरेक स्थानीय तहमा सामुदायिक स्वास्थ्य विज्ञहरूको नियुक्ति र परिचालन गरिनुपर्छ। जनस्वास्थ्य अधिकृतहरूको रोहबरमा विभिन्न चेतनामूलक कार्यक्रम र नसर्ने रोगको स्क्रिनिङ हेल्थ क्याम्प लगायतका कार्यक्रमले मात्र पनि राज्यको स्वास्थ्य क्षेत्रमा हुने ठुलो लगानी घटाउन मद्दत गर्छ।

प्रिय बालेन सरकार, आज देशका सरकारी अस्पतालमा सबैभन्दा बढी जनताले अकालमा मृत्युवरण गर्ने प्रमुख कारण भनेको जनतासँग पैसा नभएर हो। राज्यले फ्रीमा डायलासिस सेवा दिने भन्छ तर बिरामीहरू एउटा डायलासिस क्याथेटर (जसको मूल्य ४०००-८००० पर्छ र यो बीमाले दिँदैन) किन्न नसकेर मरिरहेका छन्। स्वास्थ्य बीमा राम्रो कार्यक्रम भए तापनि यसमा भएका व्यवस्थापकीय जटिलता र झन्झटिलो प्रक्रियाले धेरै जनसङ्ख्याले यसको फाइदा लिन सकेको छैन। सरकारी अस्पतालमा व्यवस्थापकीय कमजोरी र सुपरभिजनको कमीले गर्दा जनशक्तिले राम्रोसँग काम गरिरहेको छैन। भएका सीमित जनशक्तिलाई पनि हिजोको फोहोर राजनीति र कुनै एउटा सन्की प्रशासकको आवेशमा कर्मचारी परिचालन कार्यविधि लत्याएर जथाभावी पदस्थापना गरिदिँदा जनशक्ति काम गर्न उत्साहित छैन। जहाँ स्रोत र साधन छ, त्यहाँ जनशक्ति छैन; जहाँ जनशक्ति छ, त्यहाँ स्रोत साधन नै छैन।

आफ्नै देश भित्र सीमित तलबमा काम गर्न पनि तयार भएको जनशक्तिलाई कम्तीमा आफ्नो परिवारसँगै बसेर काम गर्न पाउनु आधारभूत मानवअधिकार पनि हो। जबसम्म हामीले जनशक्तिलाई इमानदार भएर काम गर्ने उत्साह जगाउन सक्दैनौं, तबसम्म ड्युटी आवर ६-६ गरे पनि सेवा प्रवाहमा तात्विक भिन्नता आउँदैन। तसर्थ, सम्पूर्ण काजमा रहेका चिकित्सकलाई एकपल्ट पदस्थापना वा सरुवा पूर्व कहाँ जान चाहेको हो र त्यसको पछाडिको विशिष्ट कारण के हो भन्ने खोजी गरी वैज्ञानिक रूपमा व्यवस्थापन गर्नुपर्छ। सरकारी सेवा अन्तर्गतका सबै खाले चिकित्सकलाई (स्थायी, प्रदेश करार, समिति करार, दैनिक ज्यालादारी) समान सेवा सुविधासहित आन्तरिक व्यवस्थापन चुस्तदुरुस्त बनाउने र राज्यले सेवा सुविधा बढाएर 'एक स्वास्थ्य संस्था, एक चिकित्सक'को अवधारणालाई कार्यान्वयन गर्नुपर्छ। सरकार, फेरि पनि भन्छु- डाक्टरलाई तर्साएर स्वास्थ्य क्षेत्रको सुधार हुँदैन। साभार: स्वस्थ्यखबरडटकम

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# विद्यार्थी संगठन र ट्रेड युनियनमाथि प्रतिबन्धको विरोध

दैनिक समाचारदाता
काठमाडौं, २८ चैत । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) को केन्द्रीय कार्यसंयोजन समितिको बैठकले कलेजहरूमा विद्यार्थी संगठन र कार्यस्थलमा ट्रेड युनियनमाथि प्रतिबन्ध लगाउने कार्यको विरोध गरेको छ।
विगत सात दिनदेखि निरन्तर जारी बैठकबारे जानकारी दिँदै नेता जगन्नाथ खतिवडा ले यस्तो कदमले नागरिक तथा श्रमिक अधिकार कुण्ठित हुने भएकाले पार्टी त्यसको विपक्षमा उभिने निर्णयमा पुगेको बताएका हुन्।



४५ सदस्यीय केन्द्रीय कार्यसंयोजन समितिमा अहिलेसम्म ४३ जना नेताहरूले आ-आफ्नो धारणा राखिसकेका छन्। दैनिक केही घण्टा मात्रै बसेर लम्बिएको बैठकमा देशको समसामयिक राजनीतिक अवस्था, नयाँ सरकारको कार्यशैली र एकीकृत पार्टीको संगठन समायोजनका विषयमा छलफल भइरहेको छ।
नेता खतिवडाका अनुसार हालसम्मका छलफलहरू विचार-विमर्शकै चरणमा रहेकाले औपचारिक प्रस्तावका रूपमा कुनै निर्णय पारित भइसकेको छैन। नयाँ वर्षको चटारो र आन्तरिक गृहकार्यका लागि केही दिन समय आवश्यक भएकाले अबको बैठक वैशाख ३ गते बस्ने तय भएको छ।त्यस बैठकले पार्टीको आगामी कार्ययोजना र संगठनात्मक समायोजनको ठोस खाका अन्तिम रूप दिने बताइएको छ। खतिवडाले वैशाख ३ वा ४ गतेभित्र बैठक औपचारिक रूपमा सम्पन्न हुने र त्यसपछि पार्टीका रणनीतिहरू सार्वजनिक गरिने जानकारी दिएका छन्।

# अमेरिकाबाट ३५ नेपाली डिपोर्ट



दैनिक समाचारदाता
काठमाडौं, २८ चैत । संयुक्त राज्य अमेरिका ले एकैपटक ३५ जना नेपालीलाई डिपोर्ट गरेको छ। चार्टर विमानमार्फत उनीहरूलाई नेपाल फर्काइएको हो। विमानस्थल अध्यागमन प्रमुख नरहरी घिमिरेका अनुसार, गत ७ अप्रिल (चैत २४) उनीहरू त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल आइपुगेका थिए।
डिपोर्ट गरिएकामध्ये १२ जना अवैध रूपमा अमेरिका पुगेका थिए भने २ जना विद्यार्थी भिसामा गएका थिए। बाँकीलाई विभिन्न आप्रवासन नियम उल्लंघन गरेको आरोपमा फिर्ता पठाइएको मानव बेचबिखन अनुसन्धान ब्यूरोका एसएसपी कृष्ण पंगेनीले जानकारी दिएका छन्।
पछिल्लो दुई महिनामा अमेरिकाबाट २०० भन्दा बढी नेपाली डिपोर्ट भइसकेका छन्। डोनाल्ड ट्रम्प को दोस्रो कार्यकाल सुरु भएयता आप्रवासी नीतिमा कडाइ गरिएसँगै नेपालीहरूलाई समेत बारम्बार डिपोर्ट गर्ने क्रम बढेको छ।
अमेरिकाले भिसा प्रक्रिया पूरा नगर्ने, भिसा अवधि नाघेर बस्ने तथा कानुनी नियम उल्लंघन गर्ने व्यक्तिहरूलाई नियन्त्रणमा लिएर उनीहरूकै देश फर्काउने नीति कडाइका साथ लागू गर्दै आएको छ।

# अस्पताल सेवा सुधार कार्यविधि जारी

रासस
काठमाडौँ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले 'अस्पताल सेवा सुधार कार्यविधि २०८२' जारी गरेको छ । अस्पतालको सेवालाई जनमैत्री, पहुँचयोग्य प्रभावकारी बनाउन कार्यविधि जारी गरिएको हो । मन्त्रालयका सहप्रवक्ता डा. समीर अधिकारीका अनुसार स्वास्थ्य मन्त्रालयले जनस्वास्थ्य सेवा ऐन, २०७५ अनुरुप कार्यविधि जारी गरेको हो ।कार्यविधिअनुसार अस्पतालले प्रत्येक नागरिकलाई गुणस्तरीय सेवा सहज रुपमा उपलब्ध गराउनुपर्ने छ । बिरामीको उपचार अभिलेख र 'फलोअप' व्यवस्थित गर्न एकीकृत विद्युतीय अभिलेख प्रणालीको विकास, प्रयोगशाला प्रतिवेदन २४ सै घण्टा उपलब्ध गराउने, अस्पतालको फार्मेसीमा पाइने औषधि मात्र चिकित्सकले सिफारिस गर्नुपर्नेछ । यसैगरी, बिरामीलाई 'रिफर' गर्नुपर्ने भएमा 'रिफर स्लिप'सहित सरकारी अस्पतालमा पठाउनुपर्ने, अस्पतालमा दैनिक आवश्यक पर्ने औषधि फार्मेसीमा मौज्दात हुनुपर्ने, कार्यालय समयभित्र र सेवा प्रवाहका बेला औषधि बिक्री प्रवर्द्धक (एमआर)लाई प्रवेश दिन पाइने छैन ।

# लाखौँको क्षति

दैनिक समाचारदाता
सप्तरी, २८ चैत । सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिकामा ग्यास लिक भएर आगलागी हुँदा लाखौं रुपैयाँ बराबरको क्षति भएको छ। नगरपालिकाको वडा नं. १, भारदह टोलका धर्मदेव दासका चार छोराहरू अनिल दास, सुनिल दास, दिलिप दास र अरविन्द दासको संयुक्त घरमा शनिबार बिहान करिब ७ बजे कोशी ग्यास लिक भई आगलागी भएको हो।
आगलागीबाट करिब २४ लाख ३८ हजार रुपैयाँ बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिनुभयो। पिलरको खम्बा, टाटीबेरा र जस्ताको छानो भएको चार कोठे मुख्य घर, गोठ तथा भान्सा घर पूर्णरूपमा जलेर नष्ट भएको छ।
आगलागीमा नगद ३ लाख ५० हजार, फर्निचर २ लाख ५० हजार, ७० तोला चाँदी, २ तोला सुन, खाद्यान्न तथा लत्ताकपडा लगायतका सामग्री नष्ट भएका छन्। स्थानीयवासी, प्रहरी र नगरपालिकाको दमकलको सहयोगमा आगो करिब एक घण्टापछि बिहान ८ बजे पूर्ण रूपमा नियन्त्रणमा लिइएको थियो।

# निजी क्षेत्र बलियो भए अर्थतन्त्र बलियो हुन्छ : सांसद झा

दैनिक समाचारदाता
काठमाडौँ २८ चैत । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद मनिष झाले निजी क्षेत्रको पुँजी र उद्यमशीलतालाई बलियो बनाउन सके मात्रै देशको अर्थतन्त्र बलियो हुने बताएका छन् । राष्ट्रिय उद्यम विकास सहजकर्ता महासंघ नेपालको तेस्रो राष्ट्रिय महाधिवेशनमा शनिबार राजधानीमा सम्बोधन गर्दै झाले निजी क्षेत्रको विकास विना अर्थतन्त्र मजबुत हुन नसक्ने बताएका हुन् ।



सांसद झाले प्राइभेट क्षेत्रको ग्रोथले मात्रै मुलुकको अर्थतन्त्र मजबुत हुने बताउँदै गभर्मेन्ट र डेभलपमेण्ट इकोनोमीले स्थायित्वमा मद्दत पुर्याउने बताए । सांसद झाले सन् २०२६ को तथ्याङ्क उल्लेख गर्दै अमेरिकाको प्राइभेट सेक्टरको इकोनोमी साढे ४६ हजार खर्ब बराबरको रहेको बताए । चीनमा निजी क्षेत्रको पुँजी ३० हजार खर्ब बराबरको छ । छिमेकी देशहरूमा प्राइभेट क्षेत्रले धेरै ग्रोथ गरेकाले नेपालमा समेत अब निजी क्षेत्रको ग्रोथ बढ्न जरुरी रहेको बताए ।
सांसद झाले भने 'जुनसुकै देशमा पनि तीन तहको अर्थतन्त्र हुन्छ । त्यो भनेको प्राइभेट, गभर्मेन्ट, डेभलपमेन्ट इकोनोमी हुन्छ । जबसम्म प्राइभेट सेक्टरको इकोनोमी बलियो हुँदैन तबसम्म देश बलियो हुँदैन । अहिले सन् २०२६ को तथ्याङ्क हेर्ने हो भने अमेरिकाको प्राइभेट सेक्टरको इकोनोमी नेपाल मुद्रामा हेर्दा साढे ४६ हजार खर्ब बराबरको छ । यसअर्थ अमेरिकामा निजी क्षेत्रको पुँजी साढे ४६ हजार खर्ब बराबरको छ । चीनमा निजी क्षेत्रको पुँजी ३० हजार खर्ब बराबरको छ । त्यसैले हामीलाई निजी क्षेत्रको पुँजी बलियो बन्नुपर्नेछ । अनि बल्ल हामी अघि बढ्न सक्छौँ ।'
उनले थप भने, 'डेभलपमेन्ट र गभरमेन्ट पुँजी स्थायित्वका लागि मात्रै हो । प्राइभेट पुँजी भनेको ग्रोथ हो । त्यसैले हामी ग्रोथमा केन्द्रित हुनुपर्छ । ग्रोथमा केन्द्रित हुन निजी क्षेत्रको अस्तित्व, क्षमता, संगठनिक अभ्यास हाम्रो लागि महत्त्वपूर्ण हुन्छ ।'
कार्यक्रममा रास्वपाका सांसद सुशान्त वैदिकले नयाँ सरकारले जारी गरेको सय दिने कार्य योजनामा उद्यमशीलताका विषयहरूलाई पर्याप्त महत्त्व दिइएको बताए । उनकाअनुसार रास्वपा नेतृत्वको नयाँ सरकारले सय दिने कार्ययोजना ल्याउँदा उद्यमशीलताका विषयहरू कतै पनि छुटाएको छैन । महत्वका साथ उद्यमशीलताले स्थान पाएको उनको भनाइ छ ।
वैदिकले देशको आर्थिक रुपान्तरण र सामाजिक न्यायसहितको आर्थिक उन्नति हासिल गर्न गाउँ गाउँमा रहेका साना तथा लघु उद्यमीदेखि स्टार्टअपसम्मका उद्यमहरूले ठुलो भूमिका खेल्ने बताए ।
रास्वपाले सय दिने कार्यसूचीमा व्यवसाय दर्ता तथा नवीकरणमा सहजीकरण गर्ने प्रतिबद्धता गरेको उल्लेख गर्दै सांसद बौदिकले उद्यमी बन्ने सपनालाई कागजी प्रक्रियाले अब तिरस्कार नगर्ने प्रस्ट पारे ।
सांसद एवं अर्थशास्त्री वैदिकले भने('नयाँ सरकारले सय प्राथमिकता ल्याउँदा यसमा उद्यमशीलताका विषयहरू कतै पनि छुटाएको छैन । यथेष्ट रूपमा महत्वका साथ उद्यमशीलताले स्थान पाएको छ । हामीहरू के कुरामा स्पष्ट छौँ भने देशको आर्थिक रूपान्तरण गर्न देशमा सामाजिक न्याय सहितको आर्थिक उन्नति हासिल गर्न गाउँ गाउँमा रहेको सानो लघु उद्यमीदेखि लिएर स्टार्टअपसम्मका उद्यमहरूले सबैभन्दा ठुलो भूमिका खेल्ने गरेको छ ।'
उनले थप भने, 'सय दिने कार्यसूचीमा रास्वपाले व्यवसाय दर्ता, नवीकरणमा सहजीकरण गर्ने भनेको छ । व्यवसायहरू स्थानीय तह, प्रदेश, कम्पनी कार्यालय जहाँ दर्ता हुन परे पनि कागजी प्रक्रियामा अल्झन नपरोस् भनेर हामीले कागजी प्रक्रियालाई सहज बनाउन खोजिरहेका छौँ । उद्यमी बन्ने सपनालाई कागजी प्रक्रियाले तिरस्कार अब गर्ने छैनन् ।'
उनले सरकारले गरिरहेका कामहरूको परिणाम आगामी साताबाटै देखिने बताए । कार्यक्रममा सहभागीहरूले निजी क्षेत्र र उद्यमशीलतालाई राष्ट्रिय अर्थतन्त्रको मुख्य इन्जिनको रूपमा स्थापित गर्नुपर्नेमा जोड दिएका थिए ।

# खनिज उद्योगबाट २ अर्ब बढी राजस्व



दैनिक समाचारदाता
काठमाडौं, २८ चैत । खानी तथा भूगर्भ विभाग का अनुसार खनिजजन्य उद्योगबाट दुई अर्ब १४ करोड रुपैयाँ राजस्व असुली भएको छ। यो रकम गत आर्थिक वर्ष र चालु आर्थिक वर्षको पहिलो आठ महिनाको अवधिमा संकलन गरिएको हो ।
विभागका अनुसार चुनढुङ्गा, रातोमाटो, धातु, पत्थरलगायत खनिजजन्य वस्तुको उत्खनन अनुमति तथा अनुमतिपत्र नवीकरणबाट उक्त राजस्व संकलन भएको हो ।
गत आर्थिक वर्षमा विभागले चुनढुङ्गा, टुर्मालिन, टल्क, क्वार्ज, काइनाइट, मार्बल, फलाम, जिङ्क, क्वार्जजाइट, म्याग्नेसाइट, डोलोमाइट र तामा उत्खननका लागि अनुमति प्रदान गरेको जनाएको छ ।




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४